आज मिति २०८१।०२।३१ गते विहिवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८०।८१ वैठक सङ्ख्याः २९ समय : विहान ११:०० बजे स्थानः गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख वहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री सुदर्शन भट्टराई | |

सहजकर्ता कर्मचारीः

१. श्री अमर कुमार श्रीवास्तव

सहयोगी कर्मचारीः

१. श्री अमिता लामा

Scanned with CamScanner

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०८०।८१ बैठक सङ्ख्या:२९ मिति २०८१ जेष्ठ ३१

**प्रस्तावहरु:**

१. २८ औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. प्रगति समिक्षा सम्बन्धमा।
४. १५औं गाउँसभा बैठक सम्बन्धमा।
५. आर्थिक सहायता सम्बन्धमा।
६. विविध।

**निर्णयहरु:**

१. गत २८ औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।
२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।
३. यस भुम्लु गाउँपालिका अन्तर्गत सबै वडा तथा विषयगत शाखाको प्रगति समिक्षा मिति २०८१/०३/०६ गते बिहान १० बजे गर्ने निर्णय गरियो।
४. यस भुम्लु गाउँपालिकाको आगामी आ.व.२०८१/०८२ को नीति, कार्यक्रम तथा बजेटको लागि १५औं गाउँसभाको बैठक मिति २०८१/०३/१० गते बिहान १० बजे बस्ने निर्णय गरियो।
५. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो।

यस कार्यपालिका बैठकमा देहाय बमोजिम आर्थिक निर्णय गरियो

| क्र.सं. | नाम र थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कृष्ण बहादुर पहरी | भुम्लु-१ | १००००/- | निज बिरामी भै विर अस्पताल काठमाडौंमा उपचारर्थ रहेको र उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| २ | श्याम कुमार उप्रेती | भुम्लु-८ | ५००००/- | निजको श्रीमति मन्दिरा उप्रेती बिरामी भई भारतको दिल्ली स्थित राजिव गान्धी क्यान्सर संस्था तथा अनुसन्धान केन्द्रमा उपचारर्थ रहेको र उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| ३ | चन्द्र बहादुर तामाङ | भुम्लु-८ | १००००/- | निजको छोरा राजु तामाङ बिरामी भई के.एम.सी. अस्पतालको ICU मा रहेको र उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| ४ | गंगा माया श्रेष्ठ | भुम्लु-५ | १००००/- | निजको श्रीमान डिल्ली बहादुर श्रेष्ठलाई मुटुको समस्या भएकोले नियमित औषधी सेवन गर्नुपर्ने भएको र औषधी खरिद गर्न आर्थिक अवस्था कमजोर भएको |
| ५ | यज्ञ बहादुर भण्डारी | भुम्लु-२ | १००००/- | निजलाई कान सम्बन्धित रोगबाट समस्यामा रहेको र कानको नसा सुकेर पूर्ण रुपमा कान नसुन्ने भएकोले कानको थप उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| ६ | कुमार पहरी | भुम्लु-२ | १००००/- | निजको हात लडेर भाँचिएको र उक्त भाँचिएको हातको औषधी उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| ७ | ध्रुव माझी | भुम्लु-७ | १००००/- | निजको घाँटीको बाहिरी भागमा ठुलो मासुको डल्लो देखा परी बिरामी भएको र उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| ८ | गुण रत्न उप्रेती | भुम्लु-७ | ५००००/- | मस्तिष्कघात भएको र थप उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |
| ९ | सविना श्रेष्ठ | भुम्लु-८ | १००००/- | कलेजो र मृगौलाको बिरामी भएको र उपचार गराउन आर्थिक अवस्था कमजोर भएको |

६. विविध ।

क) यस भुम्लु गाउँपालिकाको चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरणका लागि २ करोड ६ लाख रकम सबै वडा मध्ये रकम पुग्ने वडालाई वितरण गर्न पञ्जिकरण शाखालाई निर्देशन दिने निर्णय गरियो।

Scanned with CamScanner

ख) यस भुम्लु गाउँपालिकाको आ.व.२०८०/०८१ को नीति, कार्यक्रम तथा बजेटमा स्वीकृत बजेटको सि.नं.१३२ खर्च शीर्षक ३११५१ बन्देउ लोकमार्ग दलित वस्ती अपांग मैत्री बाटो वडा नं.८ लाई संशोधन गरी बन्देउ लोकमार्ग दलित वस्ती बाटो वडा नं.८ कायम गर्ने निर्णय गरियो।

ग) यस भुम्लु गाउँपालिका २ नं. वडा कार्यालयको च.नं.६५७, मिति २०८१/०२/३० गतेको सिफारिस पत्रानुसार सोही वडाका निवासी रुद्र बहादुर कार्की समेतले खानेपानी तान्ने मेशिन खरिद गर्दा लागेको खर्चको बिल भरपाई अनुसारको भुक्तानी दिने निर्णय गरियो।

घ) यस भुम्लु गाउँपालिका अन्तर्गत वडाका वडा सचिवले वडाको बजेटबाट कुनै सामान खरिद गरी भुक्तानी लिन आउँदा कार्यादेश र वडा अध्यक्षको सिफारिस अनिवार्य रुपमा पेश गर्ने निर्णय गरियो।

ङ) भुम्लु गा.पा. वडा नं.४ स्थित मर्दी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई 'घ' वर्गको इजाजत-पत्र दिने निर्णय गरियो।

च) भुम्लु गा.पा. वडा नं.१ स्थित कालीमाता मल्टिप्रपोज प्रा.लि.लाई आवश्यक कागजात पेश गरे पश्चात 'घ' वर्गको इजाजत-पत्र दिने निर्णय गरियो।

छ) भुम्लु गा.पा. वडा नं.८ स्थित स्थायी ठेगाना भएका राम कुमार शाह ठकुरीले विगत वर्ष देखि नापी तथा पूर्जा निर्माण प्रक्रियामा स्वयंसेवक भई काम गरेकोमा निजलाई पारिश्रमिक वापत रु.२००००/- दिने निर्णय गरियो।

ज) भुम्लु गाउँपालिका समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर भएको रिट नं.080Wo-1236 को प्रति उत्तर प्रमाण संकलन तयार गर्न यस गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ता राजु लामालाई अख्तियारी दिने निर्णय गरियो।

झ) बहुवर्षिय योजना संचालन सम्बन्धी ऐन तथा कानून निर्माण गर्न यस गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ता राजु लामालाई दिने निर्णय गरियो।

ञ) यस भुम्लु गाउँपालिका वडा नं. ८ मा सञ्चालित रेडियो टप टाउन १०७ मेगाहर्जले मिति २०८१/०२/०९ गतेको प्राप्त भुक्तानीको निवेदन साथ संलग्न बिल भरपाई अनुसारको रकम मध्ये रु.४०,०००/- भुक्तानी दिने निर्णय गरियो।

ट) यस भुम्लु गाउँपालिका वडा नं. ५ मा सञ्चालित रेडियो कान्ति ९०.४ मेगाहर्जले मिति २०८१/०२/०७ गतेको प्राप्त भुक्तानीको निवेदन साथ संलग्न बिल भरपाई अनुसारको रकम मध्ये रु.४०,०००/- भुक्तानी दिने निर्णय गरियो।

ठ) यस भुम्लु गाउँपालिकाबाट वितरण भएका इन्धन नियम सम्मत नभएको पुष्टि भएका सो इन्धन वापतको रकम असूल गर्ने निर्णय गरियो।

ड) सापिङ जाने मोटरबाटो निर्माण कार्यको भेरिएसन स्वीकृत गरी भुक्तानी दिने निर्णय गरियो।

ढ) जनता मावि पहिरो नियन्त्रण कार्यक्रम भुम्लु-६ निर्माण कार्यको भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो।

ण) डुम्रे वन टोल सडक स्तरोन्नती भुम्लु-८ निर्माण कार्यको २०८१/०३/१५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

त) १० शैया अस्पताल निर्माण कार्यको भेरिएसन स्वीकृत गर्ने तथा बाउन्ड्री वाल निर्माण गर्न निर्देशन दिने निर्णय गरियो।

थ) लप्से खोला टारी स्वारा लिफ्ट सिंचाइ वडा नं.२ निर्माण कार्यको दायित्व आ.व.०८१/८२ मा सारी २०८१/०६/३० गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

द) यस भुम्लु गाउँपालिका २ नं. वडा कार्यालयको च.नं.६५८, मिति २०८१/०२/३० गतेको सिफारिस पत्रानुसार सोही वडा स्थित दोभान सिँचाइ कुलो पूर्ण रुपमा क्षति भएकोले उक्त सिँचाइ कुलो मर्मत सम्भार तथा सरसफाइ गर्न रु.१५,०००/- भुक्तानी दिने निर्णय गरियो।

ध) भुम्लु गाउँपालिका वडा नं.४ र ५ कार्यक्षेत्र रहेको सल्ले चौवास वन व्यवस्थापन समितिलाई इन्लिफ्ट परियोजनासंग साझेदारी कार्यक्रम गर्न साझेदारी कार्यक्रम शीर्षकबाट रु.२,००,०००/- उपलब्ध गराउने निर्णय गरियो।

न) भुम्लु गाउँपालिका वडा नं.७ मा रहेको एम्बुलेन्स मर्मत गर्ने निर्णय गरियो।